# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### लाकुरीभञ्ज्याङ, नुवाकोट
### बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
सू.नं.: ७२

मितिः२०८०/०९/१२

**आलु खेती गर्ने कृषकहरूलाई अनुरोध !**

देशै भरी लगाईएको आलुमा हाल बढदै गईरहेको चिसो तथा मौसम बदलीका कारणले डढुवा रोग देखिएकोले देहायको उपायहरू अपनाउनु हुन अनुरोध गर्दछौं ।

डढुवा रोगको लागि अनुकुलित वातावरण

- तापक्रम : १०-२० डिग्री सेल्सियस ।
- आर्द्रता : ८०-९० प्रतिशत ।
- दिउँसो बादल वा कुहिरो लाग्नु ।
- छिन छिनमा पानी पर्नु ।
- रातमा अत्याधिक मात्रामा शित पर्नु ।

यस्तो मौसम तथा वातावरण हुनासाथ ढिला नगरी तपशिल अनुसारको रोकथामको उपायहरू अपनाउनु होला :

- रक्षात्मक बिषादी Mancozeb 75% को धुलो २-३ ग्राम प्रति लिटर पानीमा मिसाई ७ देखी १० दिनको फरकमा छर्कने,
- रोगको लक्षण देखिन थालेको अवस्थामा उपचारात्मक बिषादी copper oxychloride को धुलो २-३ ग्राम प्रति लिटर पानीमा मिसाई ७ देखी १० दिनको फरकमा छर्कने,
- पातमा रोग देखिन थालेपछी उपचारात्मक बिषादी Dimethomorph अथवा sectin २ ग्राम प्रति लिटर पानीमा मिसाई ७ दिनको फरकमा छर्कने,
- रोग धेरै बढेमा Metalaxyl 8% + Mancozeb 64% भएको विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाई छर्कने ।

**नोटः यसरी विषादी छर्किदा पातको तल तिरको भाग भिज्ने गरी छर्ने र हातमा पन्जा, आखाँमा चस्मा, मास्क तथा शरिर छोप्ने कपडा लगाई सुरक्षाको उपायहरू अपनाई सावधानीका साथ छर्नुहुन अनुरोध छ ।**

**थप जानकारीको लागिः** ९८६६४७९३००, ९८४१९०३२७३ (कृषि शाखा)

एजिना अधिकारी
कृषि स्नातक